स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक





दयाहाङ राई र विजय बरालको मुख्य भूमिका रहेको चलचित्र 'वरिष्ठ बलराम' कार्तिक ६ गते प्रदर्शन हुने भएको छ। निर्माण युनिटले दुई पोष्टर सार्वजनिक गर्दै कार्तिक ६ गते चलचित्र प्रदर्शन हुने जानकारी दिएको छ। दयाहाङ, विजय र समृद्धिसँगै फिल्ममा पशुपति राई, माओत्से गुरुङ्ल, भोलाराज सापकोटा, रामबाबु रेग्मी, प्रदीप कुमार चौधरी (पीके) लगायत कलाकारको अभिनय छ। निर्देशक पौडेलकै कथा र सम्पादन रहेको फिल्मको पटकथा महेश दवाडीले लेखेका हुन्।

**आजको विचार...**



जेन... (दुई पेजमा)

शम्भु कोइराला

छायांकन सुरु हुन केही साता बाँकी रहँदा प्रतीक्षित फिल्म 'कबड्डी ५'ले कलाकारको आह्वान गरेको छ। निर्माता कम्पनी बाँसुरी फिल्म्सले विहिबार विज्ञप्ति जारी गर्दै महत्पूर्ण सहायक भूमिकाको लागि कास्टिङ कल गरिएको जनाएको छ। आठजना महिला-पुरुष पात्रसहित ८ जना समूह गरि कूल १६ कलाकारको लागि आवेदन आह्वान गरिएको हो। कार्यकारी निर्माता मणिराम पोखरेलले इच्छुकले ९ असोज विहिबार मध्यान्हसम्म बाँसुरी फिल्म्सको इमेलमा २ मिनेटको मोनोलग भिडियो पठाउनुपर्ने बताए।

❒ वर्ष ३१ ❒ अंक ६५ ❒ २०८२ असोज ४ गते शनिबार 20 September 2025, Saturday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## सक्षिप्त समाचार

### पाकिस्तानमा बम विस्फोट हुँदा ६ को मृत्यु

(रासस/सिन्ह्वा)

**इस्लामाबाद,** असोज ३/पाकिस्तानको दक्षिणपश्चिमी बलुचिस्तान प्रान्तमा बिहीबार भएको बम विस्फोटमा कम्तीमा ६ जनाको मृत्यु भएको छ भने एकजना गम्भीर घाइते भएका छन् । विस्फोट चमन जिल्लास्थित एक ट्याक्सी स्ट्यान्डमा भएको हो, जुन पाकिस्तान-अफगानिस्तान सीमामा पर्ने क्षेत्र हो । विस्फोटपछि घाइते र मृतकलाई तत्कालै जिल्ला मुख्यालय अस्पताल लगिएको थियो । चमनस्थित मेडिकल इमर्जेन्सी रेस्पोन्स सेन्टर (एमइआरसी) का प्रमुख गफूर उर रहमानले शिन्ह्वालाई जानकारी दिँदै भने, "घाइतेको अवस्था अत्यन्तै गम्भीर छ ।" विस्फोटको कारणबारे अहिलेसम्म यकिन विवरण प्राप्त नभए पनि सुरक्षा बलहरूले घटनास्थललाई घेराबन्दी गरी अनुसन्धान सुरु गरिसकेका छन् । हालसम्म कुनै पनि समूहले हमलाको जिम्मेवारी लिएको छैन । यस घटनापछि मुलुकका शीर्ष नेताहरूले दुख प्रकट गरेका छन् । प्रधानमन्त्री शहबाज शरिफले विस्फोटको कडा निन्दा गर्दै घटनामा ज्यान गुमाउनेहरूप्रति गहिरो दु:ख व्यक्त गरेका छन् । साथै, उनले दोषीहरूलाई कडा कारबाही गर्न सम्बन्धित निकायलाई निर्देशन दिए ।

# 'संविधान दिवस' को एक दशक

*राजनीतिक दलहरूकै असहमति, कार्यान्वयनमा ढिलासुस्ती, प्रतिनिधित्व र अधिकारसम्बन्धी विवाद, संघीयताको अस्थिरता र न्यायिक प्रशासनिक व्यवस्थापनमा कमजोरीका कारण संविधान कार्यान्वयनमा असफल भएको निष्कर्ष निकाल्न सकिन्छ ।*

**रामचन्द्र रायमाझी**

**पाल्पा,** असोज ३/ असोज ३ संविधान दिवस । संविधान जारी भएको एक दशक पुगेको छ । सात दशकभन्दा लामो संघर्ष, निरन्तर विभिन्न विषयमा भएका आन्दोलन, जनयुद्ध, मधेश आन्दोलन, जनआन्दोलन लगायतका अनेकौं राजनीतिक घटनाक्रमपछि नेपाली जनताले बहुप्रतिक्षित संविधान हात पारेका हुन् ।

तत्कालीन राष्ट्रपति डा. रामवरण यादवले संविधानसभाबाट पारित संविधान प्रमाणीकरण गर्दै देशलाई नयाँ संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधानबद्ध संरचना दिएको घोषणा गरेका थिए । तर, संविधान जारी भएको १० वर्ष पूरा हुँदा यसले अपेक्षित परिणाम दिन सकेको छैन भन्ने धारणा बलियो बनेको छ । राजनीतिक दलहरूकै असहमति, कार्यान्वयनमा ढिलासुस्ती, प्रतिनिधित्व र अधिकारसम्बन्धी विवाद, संघीयताको अस्थिरता र न्यायिक प्रशासनिक व्यवस्थापनमा कमजोरीका कारण




संविधान कार्यान्वयनमा असफल भएको निष्कर्ष निकाल्न सकिन्छ । ३ असोज ०७२ मा दोस्रो संविधानसभाका ९० प्रतिशत बढी जनप्रतिनिधिको समर्थनमा 'नेपालको संविधान' घोषणा भएको थियो ।

यसैको खुसीयालीमा शुक्रबार देशभर संविधान दिवस मनाइएको छ । संविधान जारी भएको दिनको खुसीयाली एकातिर छ भने अर्कोतर्फ संविधानको मर्म मिच्दै मुलुक अगाडि बढेको पीडा पनि छ । संविधान निर्माणको एक दशक कतै आशा, कतै निराशा रह्यो । संविधान आएको यतिका वर्ष भइसक्दासम्म जनताले स्थानीय सरकारबाट प्रभावकारी सेवा पाउन सकेका छैनन् ।

संविधानको धारा ५६ (२) मा नेपालको राज्यशक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय तहले गर्ने उल्लेख छ । तर, प्रदेश र स्थानीय तहले राज्यशक्तिको प्रयोग गर्ने गरी कानुनहरू अझै बनिसकेका छैनन् । संविधान सफल नहुनुमा राजनीतिक दल र उनीहरुको ईच्छाशक्ति बाधक बन्दै गएको तानसेन बहुमुखी क्याम्पसमा अध्यापन गराउँदै आएका गम्भीर रायमाझी बताउँछन् ।

राजनीतिक दलहरुले संविधानको मर्म विपरीत कार्य गर्दै गएकाले जनतामा निरास छाएको उनको भनाई छ । रायमाझी भन्छन् 'संविधानले जनताको आवश्यकता र अधिकारहरुलाई सुनिश्चित गर्नुपर्छ ।' संविधान कार्यान्वयन नहुँदाको परिणाम अहिले जेनजी आन्दोलन सम्म आई दलहरुबाट निर्माण सरकार ढलेको छ । नेपालमा भएको जेनजी आन्दोलनले युवा पुस्ताको राजनीतिक सचेतना, समान अवसरको माग, सामाजिक न्याय र उत्तरदायी शासनको आवश्यकता स्पष्ट रूपमा अभिव्यक्त गरेको छ । यस आन्दोलनले देखाएको असन्तुष्टि केवल तत्कालीन नीतिगत कमजोरीप्रति मात्र नभई संविधानमा रहेका व्यवहारगत असमानता, कार्यान्वयनको कमजोरी र भविष्य प्रतिको अनिश्चिततताप्रति हो ।

**चाडपर्वको बेला सुरक्षित यात्रा गरौं ।**

चाडपर्वमा यात्रुको चाप बढ्ने भएकाले,

-सवारीसाधनमा अनावश्यक भिडभाड नगरौं,

-सवारीसाधनमा क्षमताभन्दा बढी यात्रु नबोकौं र नचढौं,

-आवश्यक संख्यामा सवारीसाधन सञ्चालन गरौं,

-सवारीसाधनको छतमा बसेर यात्रा नगरौं,

-सवारीसाधनको नियमित मर्मत तथा परीक्षण गरौं,

-मादकपदार्थ/लागुपदार्थ सेवन गरी सवारीसाधन नचलाऔं,

दुर्घटनाबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं !

नेपाल सरकार

**विज्ञापन बोर्ड**

# पाल्पामा राजनीतिक दलले मनाए संविधान दिवस

**पाल्पा,** असोज ३/ पाल्पामा राजनीतिक दलहरुले संविधान दिवस मनाएका छन् । शुक्रबार छुट्टाछुट्टै कार्यक्रम गरी ११ औं दिवस मनाएका हुन् ।

नेपाली काँग्रेस पाल्पाले अन्तर्क्रियासँगै मौन प्रर्दशन गरी दिवस मनाएको छ । तानसेनस्थित पार्टी कार्यालयमा भएको अन्तर्क्रिया कार्यक्रममा नेपाली काँग्रेसका पूर्व केन्द्रीय सदस्य राजनप्रसाद पन्तले संविधानसँगै मुलुकमा प्राप्त उपलब्धिको रक्षा गर्नु आजको मूल आवश्यकता रहेको बताएका छन् । उनले नेपाली जनताको सात दशकभन्दा लामो सैर्ष र बलिदानपछि जननिर्वाचित संविधान सभाद्वारा नेपालको संविधान जारी भएको दिन ऐतिहासिक र महत्वपूर्ण दिन रहेको उल्लेख गरे ।

नेता पन्थले भने "संविधान कानुनी सिद्धान्तमा आधारित राजनीतिक सहमतिको दस्तावेज हो । यसमा



लिपिबद्ध नागरिक अधिकारलाई कार्यान्वयन गर्दै नागरिकका आवश्यकताको सम्बोधन लागि तीनै तहका सरकार प्रयत्नरत भइरहेकै अवस्थामा भ्रष्टाचार नियन्त्रण, सुशासन तथा स्थिर सरकारजस्ता मागहरु लिएर सडकमा आएको जेनजी पुस्ताको प्रदर्शनपछि देशैभरि भएका आगजनी, हिंसा र लुटपाटका घटनाका कारण उत्पन्न परिस्थितिले यतिबेला हामी सबैसामु गम्भीर चुनौती आएको छ ।" संविधान जारीपछि आवधिक निर्वाचनका माध्यमबाट तीनै तहका सरकारले विकास र समृद्धिको लय समाइरहेको अवस्थामा पछिल्लो घटनाक्रमले मुलुकलाई फेरि दशकौं पछाडी धकेल्न भएको प्रयत्नको प्रतिवाद र नागरिकलाई राज्यप्रतिको भरोसा टुट्न नदिने गरी भरोसा बढाएर जानुपर्ने उनको भनाइ छ । नेपाली काँग्रेसका निवर्तमान जिल्ला सभापति तथा लुम्बिनी प्रदेशका सासंद् एंव पूर्वमन्त्री विरबहादुर रानाले संविधानको कार्यान्वयनमा देखिएका कमजोरीको वस्तुनिष्ट समीक्षा गरेर अगाडि बढ्नुपर्ने बताए । उनले भने "शान्ति, स्थिरता र विकाससहित भ्रष्टाचारको अन्त्य, सुशासनको सुनिश्चितता र व्यापक रोजगारीको सिर्जना गरेर मुलुकलाई आर्थिक सामाजिक रुपान्तरण गर्न आवश्यक छ ।" नेता रानाले वास्तविक यथार्थतालाई स्वीकार्दै सच्चिएर जानुपर्ने र संघीयता, लोकतन्त्र, समावेशी समानुपातिक व्यवस्थाल गायतका महत्वपूर्ण उपलब्धिमाथि प्रहार गर्ने नियतका साथ गरिएका असंवैधानिक एवं अराजक गतिविधिबाट मुलुकलाई बचाउन सबै लोकतन्त्र एवं गणतन्त्रवादी शक्तिहरु एकताबद्ध हुनुपर्नेमा जोड दिए ।

...बाँकी अन्तिम पेजमा

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

# सम्पादकीय

## तोकिएकै मितिमा निर्वाचन गर

सुशीला कार्की नेतृत्वको अन्तरिम सरकारले आगामी फागुन २१ गते प्रतिनिधि सभाको निर्वाचन गर्ने गरी मिति तय गरेको छ । जेन–जी आन्दोलनको बलमा नेपाली काँग्रेस र एमालेको शक्तिशालि सरकार ढलेपछि अन्तरिम सरकार गठन हुन पुगेको हो । यो सरकारले ६ महिनाभित्र निर्वाचन गराउने म्याण्डेट पाएको छ । सोही अनुसार सरकारले तयारी समेत अगाडि बढाई सकेको छ । तर दलहरू भने अझै निर्वाचनको विषयलाई लिएर अलमल–अलमलमा पनि देखिन्छन् । क्रमशः उनीहरू निर्वाचन केन्द्रित हुने छनक पनि देखिन्छ । संसद् पुनर्स्थापना भनेर आन्दोलनलगत्तै दलका नेताहरूले उठाएको आवाज मत्थर हुँदै जानु निर्वाचनका लागि तयार भएको संकेत मान्न सकिन्छ ।

राजनीतिक दलहरूको प्रमुख सर्त संविधानभित्रैबाट निकास खोज्ने भन्ने थियो । संविधान नमासियोस् भन्ने नै उनीहरूको आवाज हो । खासमा अब कार्की सरकारले गर्ने भनेको निर्वाचनका लागि दलहरू लाग्ने हो भने नै संविधान ट्र्याकमा आउँछ । लोकतन्त्र पनि बच्छ । लोकतान्त्रिक व्यवस्थामा निर्वाचनका मुख्य सरोकारवाला भनेका दलहरू नै हुन् । निर्वाचनमा प्रतिस्पर्धा गर्ने दलहरूले नै हो । उनीहरूले भाग लिएनन् भने निर्वाचन फगत निर्वाचनमात्रै हुन्छ । दलहरू पुनस्थापित हुने एकमात्र बाटो निर्वाचन हो, जहाँबाट उनीहरू जनमतसहित संसद् र सरकारमा फर्किन सक्छन् । दलहरूको व्यवहारबाट वाक्कदिक्क भएकैले जेन–जी आन्दोलनमा आएको हो भन्ने अस्वीकार गरेर निर्वाचनलाई बेवास्ता गर्नु भूल हुनेछ । पहिलो त निर्वाचनमा दलहरूले भाग लिएनन् भने लोकतन्त्र भड्खालोमा पर्न सक्छ । यसो भन्दै गर्दा निर्वाचनपछि पनि फेरि पुरानै शैलीमा दलहरू नीति, निष्ठा र सिद्धान्तविपरीत चल्ने हो भने त्यो कुनै पनि हालतमा क्षम्य हुन सक्दैन । त्यसका लागि हाम्रो खबरदारी भने कायमै रहने छ । तसर्थ अहिलेको अवस्थामा लोकतन्त्र र देशलाई संकटबाट बचाउन तोकिएकै मितिमा निर्वाचन सरकार र राजनीतिक दलहरुले सक्रियता देखाउन जरुरी छ ।

## Opinion @ Social Network

अरु को था छैन तर मलाई आँखा अगाडि देखिने
हजारौ मानिस भन्दा
ती नदेखिने भगवान को नै भरोसा लाग्छ ।
*(सुन्दर श्रेष्ठको फेसबुक स्टाटसबाट www.facebook.com/niruta Sundar.111)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# जेन–जीको डिजिटल विद्रोहमा देखिएको सुरक्षा कमजोरी



## शम्भु कोइराला

**नमागिएको सल्लाह :** भदौ २३ र २४ मा भएको जेनजी विद्रोहको प्रारम्भ माइतीघरमा सुरक्षाकर्मीलाई पवित्र मानिने फूलका थुँगा दिएर सुरु भएको थियो । सामाजिक सञ्जाल खुल्नुपर्ने र भ्रष्टाचार अन्त्य गरी सुशासन कायम हुनुपर्ने मागसहित प्रदर्शनमा उत्रिएका उनीहरूको हिंसा मच्चाउने चाहना थिएन । न त उनीहरूले आन्दोलनको कारण राष्ट्रमा यस्तो क्षति हुन्छ भन्ने कुरा अनुमान गरेका थिए । कुनै परिचित नेतृत्व नभएको र स्वतस्फूर्त रूपमा भएको प्रदर्शन व्यवस्थापन गर्न कठिन हुन्छ । तिन दशक लामो पञ्चायती व्यवस्था ढल्दासमेत नभएको क्षति यस आन्दोलनमा भयो, जबकि पञ्चायती अत्याचारले मुलुक कालकोठरीमा परिणत भएको थियो । तत्कालीन अवस्थामा परिवर्तनकारी शक्तिको आक्रोश यसभन्दा कैयौं गुणा बढी थियो तर त्यस आन्दोलनमा अनुभवी नेता थिए । तत्कालीन अवस्थामा उनीहरूको व्यक्तित्व धरहरा जस्तो उचाइको मानिन्थ्यो । उनीहरूको आदेशमा आन्दोलन रोकियो र धेरै क्षति हुन पाएन । राजाले संविधानका प्रावधानमा कठोरता अपनाउँन खोज्दा सन्त नेता किसुनजी जनताको खबरदारीको अपिल गर्नुहुन्थ्यो ।

जनखबरदारीपछि राजा पछि हट्न बाध्य हुन्थे । जेनजी विद्रोहको परिस्थिति त्यस्तो थिएन । परिचित नेता थिएन । सुरक्षा निकायलाई समन्वय गर्न कठिन थियो । राजनीतिक नेतृत्वलाई कोसँग वार्ता गर्ने भन्ने अन्यौल थियो । यस्तो अवस्थामा भिड नियन्त्रणका लागि अर्कै विधि अपनाउनुपर्ने थियो । पहिलो कुरा त राजनीतिक तहमा जेन-जी आन्दोलनको स्वरूप यस्तो होला भन्ने कल्पना गरेको पाइएन । राजनीतिक तहले आन्दोलनलाई कम मूल्यांकन गरेको कारण सुरक्षा निकायले पनि यसलाई गम्भीर रूपमा लिएको देखिएन । उसो त धेरै सुरक्षाविद्ले पनि आन्दोलनको उत्कर्ष यो रूपको होला भन्ने सोचेका थिएनन् । नेपालको इतिहासमा दुःखद् घटना भए । यो विद्रोहको कारण लगभग असीजना मानिसको ज्यान गएको छ । त्यसमा अधिकांश कलिला बाबुनानीहरू छन् । एउटा शत्रु राष्ट्रले अर्को शत्रु राष्ट्रलाई पनि नगर्ने किसिमको आगलागी र ध्वंस भएको छ । यस्तो ध्वंशमा व्यावसायिक अपराधीको संलग्नता भएको जस्तो देखिन्छ । राज्यका प्रमुख अंगका धरोहरमा आक्रमण लक्षित भएको छ जब कि जेन-जीमा संलग्न बाबुनानीको उद्देश्य यस्तो थिएन । आन्दोलनमा घुसपैठ भएको सहजै अनुमान गर्न सकिन्छ । सुरक्षा निकायले विश्वमा भइरहेको डिजिटल क्रान्तिको प्रवृत्तिलाई मूल्यांकन गर्न नसक्नु र त्यस अनुसारको तयारी नगर्नु सुरक्षा निकायको ठूलो कमजोरी हो । अब केही सुरक्षा कमजोरी बारे चर्चा गरौं ।

### सुरक्षा कमजोरी

राज्यको प्रमुख कर्तव्य राज्यको आन्तरिक सुरक्षा पनि हो । नागरिक विद्रोह, संगठित अपराध, आतंकवादबाट आफ्ना नागरिकलाई जोगाउँदै सीमाको सुरक्षा गर्नु र मुलुकमा अमनचैन राख्न गरिने राज्यको कामकारबाही आन्तरिक सुरक्षाभित्र पर्दछ । यसमा प्रहरी र प्रहरीभन्दा साधन स्रोत सम्पन्न सशस्त्र बल र सूचना संकलन, विश्लेषण र सम्भावित चुनौती आँकलनका लागि गुप्तचर विभाग परिचालित भएको हुन्छ । अन्तिम शक्तिका रूपमा सेनालाई राखिएको हुन्छ । गत भदौ २३ गतेका दिन प्रदर्शनकारी विभिन्न स्थानबाट माइतीघरमा जम्मा हुँदै गर्दा र संख्या बढिरहेको अवस्थामा गृहमन्त्री आन्तरिक सुरक्षाका जिम्मेवार निकायका प्रमुखसहित संसदीय कारबाहीमा व्यस्त थिए । जबकि, यस्तो अवस्थामा सुरक्षा निकायका सरोकारवाला सबैले कमाण्डपोष्ट खडा गरेर परिस्थितिलाई नजिकबाट नियाल्दै समुचित आदेश र निर्देशन दिनुपर्ने थियो । सुरक्षा निकायको सूचना संकलन गर्ने निकाय राष्ट्रिय अनुसन्धान विभागले अरूभन्दा अगाडि परिस्थिति विश्लेषण गरेर अन्य अंगलाई गम्भीर परिस्थितिका लागि तयार रहन सजग गराउनुपर्ने थियो । उसको सजगतालाई बेवास्ता गरिएको हो कि सचेत नै नगराएको हो भन्ने विषय खुल्न बाँकी छ । भर्खरै सरुवा भएर काम सुरु गरेका प्रमुख जिल्ला अधिकारीले वस्तु स्थिति बुझ्न पाएकै थिएनन् । यस्तो अवस्थामा उपत्यका प्रहरी कार्यालय नेतृत्वविहीन रहनु अर्को कमजोरी हो । भर्खरै नियुक्त भएका र छोटो कार्यकाल बाँकी रहेका नेपाल प्रहरीका प्रमुख भएको अवस्थामा त कारबाही गर्ने निकाय कुनै समय पनि रिक्त राख्नु हुँदैन । दशैंको बिदामा सबैजना बिदामा जान्छन् तर प्रमुख जिल्ला अधिकारी र जिल्ला प्रहरी प्रमुखलाई जिल्ला नछोड्न भनिएको हुन्छ । राज्यका हरेक प्रणाली र पद्धति खस्किरहेको अहिलेको अवस्थामा यो प्रचलन पनि कमजोर भइसकेको छ । सबै विषयको ज्ञाता र विश्लेषणकर्ता आफैंमात्र भएको ठान्ने तत्कालीन प्रधानमन्त्रीको सुरक्षा अवस्थाको आँकलन र विश्लेषण परिस्थितिलाई जटिल बनाउने तत्व हो । प्रधानमन्त्रीको मनशाय बमोजिम गृहमन्त्री पनि त्यसैमा सहमत भएर केटाकेटीले के नै गर्छन् र भनेर उपेक्षा गर्नुलाई पनि यस्तो क्षतिको कारण मान्न सकिन्छ । अहिलेको समयमा गृहमन्त्रालयमा सुरक्षासम्बन्धी विशेषज्ञता समाप्त भएको छ । अन्यत्र जस्तै गृहसचिवलगायत पदाधिकारी र कर्मचारी गृहको अनुभव, ज्ञान र सीप भएका भन्दा राजनीतिक नेतृत्वको आदेश मान्ने, कुनै प्रतिवाद गर्न नसक्ने, कमजोर योग्यता र कमजोर मनोबल भएकालाई ल्याउने गरिएको छ । यस्ता पदाधिकारी उठ्तीपुठ्ती गरेर राजनीतिक नेतृत्वलाई आर्थिक साधन स्रोत जुटाउन त काबिल हुन्छन् तर मुलुकमा सुरक्षा चुनौती आएको अवस्थामा टेबुलमुनि लुक्ने र परिआएको बखत कुलेलम ठोक्ने हुन्छन् । यस्ताले पनि अनुभव हासिल गर्नेगरी लामो समय बस्न पाउँदैनन् । राजनीतिक अस्थिरताको परिस्थितिमा यिनीहरूको पनि अदलीबदली भइहाल्छ । गृहसचिवलगायतको गृहको टिम अनुभवी भइदिएको भए, मन्त्री कमाण्डपोष्ट राख्ने प्राथमिकता छोडेर संसदीय कारबाहीमा भागलिने विषय प्राथमिकतामा पर्ने थिएन ।

### फिल्डमा भएको कमजोरी

एकछिन भिड नियन्त्रण सम्बन्धमा सैद्धान्तिक चर्चा गरौँ । संवेदनशील सूचनाहरूको पहिचान, थ्रेटको विश्लेषण, सम्भाव्य दुष्परिणामको विश्लेषण, जोखिमको पहिचान र उपयुक्त प्रतिरोधी उपायको अवलम्बन समेतका पाँच चरणहरू सुरक्षा कारबाही गर्दा ख्याल गर्नुपर्छ भनिएको छ । कामभन्दा कम बलको प्रयोग गरिनुपर्ने, कमाण्डरले सम्झाई बुझाई र आदेश निर्देशनमार्फत भिडलाई संयमित बनाउँनुपर्ने, भौतिक कारबाही गरेर प्रदर्शनकारीलाई निस्तेज बनाउनुपर्ने उपायको अवलम्बन गर्दै अन्तिम उपायको रूपमा कम घातक हतियारको प्रयोग गर्नुपर्छ । अर्को 'तीन डी' को सिद्धान्त छ डिटर, डिटेक्ट र डिले अर्थात् रोक्नु, पहिचान गर्नु र ढिलो गर्नु । अब यो सिद्धान्तमा आधारित भएर माइतीघरबाट बानेश्वरतर्फ बढेको भिडको विषयमा चर्चा गरौं । भिडलाई रोक्ने प्रयास त गरियो तर भिडको संख्या र भिडमा घुसपैठ हुनसक्ने विषय आँकलन गर्न सकिएन । धेरैनजिक पुगिसकेपछि दुई स्थानमा अवरोध खडा गरेर रोक्ने प्रयास गरियो तर प्रदर्शनकारीको अनुपातमा सुरक्षाकर्मीको संख्या कम थियो । मनोबल पनि कमजोर थियो । पहिलो अवरोध तोडेर अगाडि बढ्दा पछिल्लो टोलीको मनोविज्ञान स्वतः कमजोर हुन्छ । आदेशको एकात्मकता नभएको अवस्था पनि अनुमान गर्न सकिन्छ । उच्च तहको कमाण्डर त्यहाँ भएको र भिडसँग सम्वाद गर्दै सुरक्षा बन्दोबस्त मिलाएको भए भिड संसद् भवनमा पुग्ने परिस्थिति नआउन सक्ने थियो । जब भिड संसद् भवन पुग्यो, घुसपैठियाहरू सक्रिय भए । राजावादी आन्दोलनमा पनि संसद्लाई आक्रमण गर्न अगाडि बढेर असफल भएकाहरू समेत सक्रिय भए । संसद् भवनमाथि तोडफोड सुरु भयो । त्यहाँ संसद् भवन तोडफोड भयो भने गोली चलाउने भन्ने कार्यादेश पाएको सुरक्षा टुकडी थियो । उसले आफ्नो कार्यादेशको पालना गर्दा अपूरणीय रूपमा जनधनको क्षति पुग्नगयो । प्रदर्शनकारीलाई संसद् भवन नपुग्दै अथवा पहिलो अवरोधमै रोक्नुपर्ने थियो । त्यहाँ उच्चस्तरको सञ्चारसीप भएको अधिकारी भएको भए कलिला जेनजीहरू फर्केर जानसक्थे अथवा संयमित भएर बस्ने सम्भावना थियो । वास्तविक जेनजीले दिनको दुई-तीन बजेतिर आन्दोलनमा घुसपैठ भएको कारण घर फर्किनु भनेर अपिल गरेकोबाट पनि जेनजीहरू संयमित र आफ्नो उद्देश्यमा स्पष्ट थिए भनेर बुझ्न सकिन्छ ।

### डिटेक्ट अथवा पहिचान

सम्भाव्य खतरालाई सूचना संकलनका अनेक उपायबाट पहिचान गरी भिडलाई अनियन्त्रित र विध्वंसक हुनबाट रोक्ने । यसमा पनि सुरक्षा निकाय त्यो दिन असफल रहेको पाइयो । किनकि प्रदर्शनकारी सजिलै गरी संसद् भवनमा पुगे र उत्तेजित बनाउने समूहसँग मिसिन पुगे । ढिला गर्ने राजनीतिक वा प्रशासनिक नेतृत्व अर्को निर्णय लिने समयसम्म अथवा वैकल्पिक रणनीति तयार गर्ने अवधिसम्म अल्मल्याउने अथवा ढिला गर्ने सुरक्षा अवधारणा हो । यसमा असफल भएका कारण सुरक्षाकर्मीले गोली चलाउने अवस्था बन्यो । निर्दोष युवा युवतीको ज्यान गयो । संसद् भवनलगायतका संरचना ध्वस्त बन्न पुगे । पहिलो दिन भदौ २३ गते राज्यले अपनाएका सबै सुरक्षा रणनीति असफल बन्नु पुगे । गृहमन्त्रीको राजीनामा आएपछि प्रदर्शनकारीको मनोबल झनै बढेर गयो । अब प्रधानमन्त्रीको राजीनामको माग थपियो । भदौ २४, २०८२ पनि नेपाली जनताको मनमा कहिल्यै नमेटिने घाउ लागेको दिन बन्न पुग्यो । अघिल्लो दिन १९ जना युवाको ज्यान गएकोमा मुलुक नै आक्रोशित बनेको थियो । यो आक्रोशको फाइदा विभिन्न पक्षले उठाए ।

राज्यका तीनै अंगका धरोहर ढढेर खरानीमा परिणत भए । प्रहरीका सबैजसो संरचना ध्वस्त बने । दैनिक सेवा प्रवाह दिनुपर्ने कार्यालयका संरचना ध्वस्त बने । प्रमुख नेताका आवासहरू आगलागीबाट स्वाहामात्र भएनन् कैयन् दिनसम्म लुटपाट मच्चिरह्यो । वयोवृद्ध नेता देउवालगायतमाथि भौतिक आक्रमण भयो प्रदर्शनकारी र घुसपैठियाबाट जोगाउन प्रधानमन्त्री, प्रमुख प्रतिपक्षका नेता सर्मे सेनाका अड्डाहरूमा शरण दिनुपर्‍यो । राष्ट्रपतिले पनि राजीनामा दिनुपर्ने दबाब राष्ट्रपतिको चट्टानी अडानका कारण र नागरिक खबरदारीका कारण असफल भयो । त्यही अडानका कारण संविधानले मृत्युवरण गर्नुपरेन । आन्तरिक सुरक्षाको कुरा गर्दा नेपाल प्रहरी र केही हदसम्म सशस्त्र प्रहरी बलमात्र पूर्णरूपमा कार्यकारिणीको आदेशमा चल्ने रहेछ । भरपर्दो आन्तरिक सुरक्षाको वातावरणले मात्र सकारात्मक परिस्थिति बन्न सक्दछ । कसैप्रति प्रतिशोधको भावना नराखी कानुनी राज्यको अवधारणा अनुसार सबै पक्ष चल्न सक्दामात्र निर्वाचन सम्भव छ । जति कुरा गरे पनि अहिलेको व्यवस्थामा दलहरूको सक्रियता र सहभागिताविना चुनाव सम्भव छैन । सकैमा भयरहित वातावरण बनाउन अहिले खस्केको आन्तरिक सुरक्षाको परिस्थितिमा ठूलो सुधारको खाँचो छ । विगतबाट पाठ सिकेर भविष्य निर्माण गर्नु सबैका लागि उत्तम उपाय हुनेछ ।

***-इहिमालय टाइम्स डटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ११५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : मानसिक शान्ति रहनेछ। स्वास्थ्यलाई लिएर सजग रहनुहोला। | **तुला** : सरकारी मामलाहरू सुल्झिनेछन्। समारोहमा अग्रगण्य भूमिका रहनेछ। |
| **वृष** : घरेलु आवश्यकतालाई प्राथमिकता दिनुहोस्। समस्यामा सहयोग पाइनेछ। | **वृश्चिक** : पिताको स्वास्थ्यलाई लिएर चिन्ता रहनेछ। शैक्षिक क्षेत्रमा सफलता मिल्नेछ। |
| **मिथुन** : मित्रहरूको साथ र सहयोग पाइनेछ। आइरहेको बाधा समाप्त हुनेछ। | **धनु** : करियरमा नयाँ दिशा मिल्नेछ। कार्यक्षेत्रमा सहयोगीहरूको साथ मिल्नेछ। |
| **कर्कट** : सन्तान पक्षबाट सुख मिल्नेछ। व्यापारमा गरिएको यात्रा सफल रहनेछ। | **मकर** : आत्मविश्वासमा वृद्धि हुनेछ। सवारी साधन चलाउँदा सावधान रहनुहोस्। |
| **सिंह** : परिश्रम लक्ष्य प्राप्तिमा सहायक हुनेछ। यवसायमा मनग्य लाभ रहनेछ। | **कुम्भ** : साझेदारी व्यापारमा लाभ र हनेछ। पुरानो रोगले सताउनेछ। |
| **कन्या** : वैदेशिक रोजगारमा सफलता मिल्नेछ। फजुल खर्चदेखि बच्नुहोस्। | **मीन** : घरेलु जरुरत पूर्तिको लागि अतिरिक्त खर्च हुनेछ।परीक्षामा सफलता मिल्नेछ। |

# साहित्य दर्पण

निबन्ध — चूडा मणि रेग्मी

## मुसाको रास–लीला

*नेपाली साहित्यको इतिहास बनाउने धेरै जना यहाँ बसे । तीमध्ये धेरैले विविध चरित्र पनि प्रदर्शन गरे । एक जनाको कुरा यहाँ बखानौं । तिनलाई ओढ्ने लुगा दिन जानेले यो कोठामा वास्तवमै ती महासाहित्यकारलाई उहिलेको नागा बाबा नै देख्नुपर्‍यो । यो कोठाका कति पत्रिका, कति पुस्तक कुन-कुन साधु-सन्तले आफ्ना झोलामा हाले, त्यो कुरा यहाँ बखान नगरौं । यो 'जनतन्त्रे कोठा'मा नेपाली साहित्यका इतिहासका पानाहरू विराजमान छन् । यहाँ वरिष्ठ विराजमान भए भने कनिष्ठ पनि आए । यहाँ मित्रहरू छाए भने वैरिहरू पनि आए । यहाँ झगडा कम्ती भए, अनेकौं शास्त्रीय गफ भए । नढाँटी भन्दा यहाँ 'वात्स्यायन गफ' पनि भए, क्षमा चाहन्छु 'जनतन्त्रे कोठा'मा गफको दुरूपयोग भएकामा ! गफगाफका कुरा छाडेर लेखलाखका कुरा गर्ने हो भने 'जनतन्त्र' घोषणा भएउप्रान्त यो कोठामा 'सचेत विचार' राँकिएर उठ्यो, निराशा बिरालो भएर भाग्यो, कुण्ठाले सुइँकुच्चा ठोक्यो । पान, तास अन्य व्यसनमा हुने खर्च, पुस्तक र पत्रिकामा भए, अनि भए काव्यशास्त्रीय विनोद, अध्ययन, सामग्री-सङ्कलन, लेखन, सम्पादन र छापेका पत्रिकाको वितरण गर्ने काम ।*

यही कोठो हो, जसलाई मैले 'जनतन्त्रे' नै घोषणा गरेथें । सम्विधान माने पनि, मालपोत तिरे पनि, सम्पूर्ण परिवारका सदस्यको हकमा परे पनि मलाई स्वतन्त्र रूपमा पढ्न, लेख्न र मेरा साहित्यप्रेमी, साहित्यिक वरिष्ठदेखि कनिष्ठसम्मले खुल्ला गफ गर्ने 'खुलाथलो' बेलायतको 'वक्ताको कुनो' जस्तो यो ठाउँलाई मेरा आफ्ना भाषामा 'जनतन्त्रे कोठो'का रूपमा भनिदिएँ । सायद, 'वक्ताको कुनो' सकार्ने मानसिकता थिएन मेरो र जनतन्त्र व्यापक अर्थलाई मैले आफूखुसी सीमित गरिदिएँ जसरी सही शब्दले 'गोबर'लाई लिदी र गुहूमा सीमित गरिदिएको छ । जनतन्त्रे उपनामधारी मेरो यो कोठाले आइएदेखि जाइएसम्मका विद्यार्थीको स्वागत गरेको छ । कैयौं शोधार्थीलाई शोधकार्य गर्न बस्न दिएको छ । वम्शगत भूत पनि विचित्रको हुँदोरहेछ । अघि मेरा बाले १/१ महिनासम्म कानचिरा लट्टाधारी साधु-सन्यासीहरूलाई थालभरि घिउ भात ख्वाएर, कचौराभरि-भरि दुध ख्वाएर धुनी लाउन दिन्थे । बाको त्यो पुण्यकार्यले अभिप्रेरित त्यही पुण्यकार्य गारउँदो रहेछु म यो जनतन्त्रे कोठामा । मेराचाहिँ साधु-सन्त शोधार्थी हुन् । गहिरिएर विचार गर्दा शोधार्थी र साधुसन्तमा फरक रहेनछ । पुण्यकार्यका निम्ति खप्नुपर्ने घच्चा मुखले भट्याएर कमाएको पुण्य किन मास्ने ? जे होस्, पुण्यकार्य-योगदाता हो यही 'जनतन्त्रे कोठो' । यो कोठाले सुख पनि भोग्यो, दु:ख पनि भोग्यो ।

नेपाली साहित्यको इतिहास बनाउने धेरै जना यहाँ बसे । तीमध्ये धेरैले विविध चरित्र पनि प्रदर्शन गरे । एक जनाको कुरा यहाँ बखानौं । तिनलाई ओढ्ने लुगा दिन जानेले यो कोठामा वास्तवमै ती महासाहित्यकारलाई उहिलेको नागा बाबा नै देख्नुपर्‍यो । यो कोठाका कति पत्रिका, कति पुस्तक कुन-कुन साधु-सन्तले आफ्ना झोलामा हाले, त्यो कुरा यहाँ बखान नगरौं । यो 'जनतन्त्रे कोठा'मा नेपाली साहित्यका इतिहासका पानाहरू विराजमान छन् । यहाँ वरिष्ठ विराजमान भए भने कनिष्ठ पनि आए । यहाँ मित्रहरू छाए भने वैरिहरू पनि आए । यहाँ झगडा कम्ती भए, अनेकौं शास्त्रीय गफ भए । नढाँटी भन्दा यहाँ 'वात्स्यायन गफ' पनि भए, क्षमा चाहन्छु 'जनतन्त्रे कोठा'मा गफको दुरूपयोग भएकामा ! गफगाफका कुरा छाडेर लेखलाखका कुरा गर्ने हो भने 'जनतन्त्र' घोषणा भएउप्रान्त यो कोठामा 'सचेत विचार' राँकिएर उठ्यो, निराशा बिरालो भएर भाग्यो, कुण्ठाले सुइँकुच्चा ठोक्यो । कोठाको मालिक मेरा कपाल फुले, तर मनमा उत्साह बढेरै गयो । पान, तास अन्य व्यसनमा हुने खर्च, पुस्तक र पत्रिकामा भए, अनि भए काव्यशास्त्रीय विनोद, अध्ययन, सामग्री-सङ्कलन, लेखन, सम्पादन र छापेका पत्रिकाको वितरण गर्ने काम । हेर्छु यो कोठामा कागज छरिएका छन्, पुस्तक छरिएका छन् । यहाँ आउने डाक्टरले यदा-कदा नि:शुल्क सुझाउ दिन्छन् "दराज किने हुने ! नम्वर दिएर पुस्तक-पत्रिका राखे हुने !' निजी पुस्तकालय भए पनि सबैको सम्पत्ति ठान्ने धेरै चुकचुकाए, भित्रभित्रै आफ्ना गल्ती छोप्छु, कमजोरी लुकाउँछु । आर्थिक अक्षमताको थाहै नहने गरी घाँटी निमोठिदिन्छु । फलानो पुस्तक छैन, फलानो पुस्तक पाँचपटक किनें, त्यो पनि छैन । २०१२ सालको फलानो पत्रिका ६ महिना अघिसम्म थियो । अहिले छैन, जे होस् न ! मेरा साधु ! मेरा सन्न्यासी ! मेरा कान्चिरा मलाई प्यारा छन् । मेरा लागि मेरी प्रेयसी प्रथम प्रेयसी मुटु हुन् भने मेरा यी शोधार्थी, पुण्यकामी, कीर्तिउन्मुखी मेरा लागि अतिप्रिय वस्तु हुन् । मेरी प्रेयसीसँग मेरो नङ-मासुझैं सम्बन्ध छ भने यी शोधार्थीसँग पनि मेरो फदयको एकाकार छ । यस्तो जनतन्त्रे कोठमा असरल्ल पुस्तक छरिनु पत्रिका छरिनु र कागजका टुक्राहरूले फोहोर हुनु स्वाभाविक भए पनि लामखुट्टे र झिंगाहरूलाई भने प्रवेश-निषेध छ, किनभने झ्याल-ढोका प्राय: खुल्दैनन् । गर्मीमा गर्मी होस्, बिजुली भए पङ्खा चलाउने, नत्र भरिसक्के नबस्ने, तर झिँगा र लामखुट्टेहरूलाई प्रवेश-निषेध ! एकाधपटक साङ्ला महाराज हिंडिटोपले तर सरल-सरल उपायले नै तिनको पनि बातो बस्यो ! तैपनि यदा-कदा भ्रष्टाचारीले छाल गन्दा पनि भ्रष्टाचार गर्न नछाडेझैं 'साङ्लाप्रकोप' देखिएकै हो । तर ! तर ! मूर्च्छा पर्ने कुरा छ, यता यो जाडामा मुसाले चमत्कार गरेछ ! प्रत्येक वर्ष यहाँ जाडो आएको हो । यो कोठो पनि थियो । यसमा म थिएँ नै । मेरा साधु-सन्न्यासी महोदयहरू पनि आए-गएका हुन् । खुसुक्क कुनै दिन कहिले केही भयो होला ! म भन्न सक्तिनँ । योपटक यो जाडामा त फलानाले अचानक मध्यावधिको घोषणा गरेझैं 'कोठा-हमला'को घोषणा गरेछ । मध्यावधिको घोषणा गर्नेले भित्रभित्रै साउती मारेर कुरो सिध्याएझैं मुसाले पनि मुसिनी भित्र्याएर यो कोठामा बिध्वंस मच्चाएछ ! थोरैले सही पूर्वाञ्चलमा मोतीरामले गर्ने काम गर्ने बाहुन भनेको लेखकको स्वतन्त्र 'जनतन्त्रे कोठा'मा गर्नु-नगर्नु चर्तिकला गरेछ ! एक बिहान देख्छु, जनतन्त्रे कोठा रोइरहेको छ । आँखाका अगाडि 'बम खसेको हिरोसिमा' छ । मेरा जनतन्त्रे कोठाभरि देख्छु, कागजका टुक्रा, लिंड र मठुरिएका पुस्तक ! रुन मात्र सकिनँ । आँखाले नियालेर हेर्छु, छाती छाम्छु, क्रौञ्चविहीन क्रौञ्ची पक्षीको व्यथा छ । 'मोरो मुसाले' रास-लीला गरेछ ! आश्चर्यचकित पनि हुन्छु । छिमेकको कोठामा धानकोठातिर सरेछ अहिले । दिमागमा सत्य कुराको ज्ञान भएपछि निर्णय निकाल्छु मुसाले होस् कि जसले, जाडामा रासन-पानी भेटेपछि 'रुई, दुई र फुई'को उखान चरितार्थ गरिहाल्छ नि ! मुसाको रास-लीलावारे गम्दा-गम्दै हाम्रा सचेत नेताहरूतिर ध्यान गयो मेरो । पहिले खान नपाएका नेता कस्ता थिए ! अहिले सत्ता-भत्ता भेटेपछि आफ्नी मुसुनीसँग पजेरोमा गुडेर रास-लीला गर्न थालेका छन् ! भकारीमा मुख गाड्न पाएपछि मुसाले मुसिनी खोज्छ, खोज्छ ! हाम्रा नेताहरू पनि सरकारी ढिकुटीमा हात हाल्न पाएपछि सुरा-सुन्दरीमा मस्त हुन्छन्-हुन्छन् ! णम् कृत्वा घृतम् पिवेत् । चोरेर होस्, ढाँटेर होस्, छलेर होस् अचेल मोज गरिन्छ, आफ्नो नसही ! अर्काको भँडारलाई निजस्व पारिन्छ । आफ्नो नसही अर्काकै भए पनि गाडी चढेर भए पनि मोज गरिन्छ । यहाँ मोज गर्नुपर्छ, यहाँ आनन्द लुट्नुपर्छ, यो मुसो सिद्धान्त हो । हो, मेरो जनतन्त्रे कोठो शोधको थलो हो । मुसाको रास-लीला एउटा शोध हो । 'लुटम् कृत्वा घृतम् पिवेत्' यो मेरो निष्कर्ष हो ।

***-समकालीन साहित्य डटकम***

क्लासिक कथा — विश्वम्भर चञ्चल

## पैसाको मुख

*अलिकति पैसाको खाँचो पर्‍यो, केही दिनपछि फिर्ता गर्नेछु ।" एकातिर बाको अर्ति । अर्कोतिर, इष्टमित्रहरूको अनुरोध । म दोधारमा पर्थें । तर समाजमा बसेपछि कसैकसैको दु:खसुख हेर्नु नै पर्थ्यो 'मेरो गोरुको बाह्र टक्का' भनेर बसेर पनि साध्य हुँदैनथ्यो । यसैले कहिले कसैलाई र कहिले कसैलाई केही न केही दिएर नै पठाउँथे । उनीहरू खुशी भएर जान्थे । तर मेरो बानी के थियो भने कसैसँग कहिल्यै पनि आफ्नो पैसा फिर्ता माग्ने चलन थिएन र आफ्नो आफ्नो सुविधामा उनीहरूले ल्याएर पैसा तिर्थे । कुनै बखत यसो पनि हुन्थ्यो सात दिनको लागि भनेर लगेको पैसा सात महीनापछि बल्ल फिर्ता आउँथ्यो वा अझ त्यो पनि आउँदै आउँदैनथ्यो ।*

केटाकेटी नै थिएँ । काका सधैं सोध्नुहुन्थ्यो, "तले पैसाको मुख देखेको छस् बाबु ?" "छैन काका ।" भन्थें र कहाँनेर पैसाको मुख हुन्छ भनी जुन पैसा पाए पनि त्यसलाई ओल्टाईपल्टाई हेर्ने गर्थे । कुनै बखत जब कुनै राजाको फोटो भएको नोट पाउँथे शायद त्यही फोटोको मुखलाई पैसाको मुख भनेको होला भन्ठानी काकालाई सोध्थें, "काका, यही होइन पैसाको मुख ?" मेरो कुराले काका हाँस्नुहुन्थ्यो र भन्नुहुन्थ्यो, "अहिले तँ केटाकेटी नै छस् र पैसाको मुख देख्न सक्दैनस् । पछि ठूलो भएपछि देख्नेछस् !" यति भनी उहाँ मलाई कहिले कहिले डँडाल्नुमाथि चढाउनुहुन्थ्यो र कहिले भुँडीमाथि राखी घुगुती खेलाउनुहुन्थ्यो । त्यस बखत खेलाउने, पियाउने, खुवाउने जस्ता मेरो लागिका सबै काम काकाले नै गर्नुहुन्थ्यो र म पनि काका भनेपछि हुरुक्क नै हुन्थे । अलिअलि गर्दै मेरो उमेर बढ्दै आयो र पहिलेको भन्दा म केही जान्ने बुझ्ने हुन थालें । तर पनि पैसाको मुख देख्न सकिनँ । केटाकेटीमै काकाले भनेको कुरालाई पनि बिर्सन सकिनँ । उहाँलाई सोधूँ भने पनि उहाँको मृत्यु भैसकेको थियो । उहाँको मृत्यु हुँदा बादेखि लिएर घरका परिवार सबै रोए । बाआमा रोएको देखेर म पनि रोएँ । अरू कुरा राम्ररी बुझ्न सकेको थिइनँ । मलाई कसैले "तँ किन रोएको ?" भनी सोध्दा भनेथें, "काका देउताको घरमा जानुभयो अनि ।" अहिले म काका देउताको घरमा जानुभएको कुरा बुझ्दछु । तर काकाले खेलाउँदा सधैं सोध्ने गर्नुभएको कुरा बुझ्दिनँ ।

एक दिन बासँग सोधे, "पैसाको मुख हुन्छ भन्छन् नि हो बा ?" मेरो कुराले बा एकछिन घोरिनुभयो, "कसले भन्यो तँलाई यो कुरा ?" "काका सधैं यसै भन्नुहुन्थ्यो र मलाई 'पछि ठूलो भएपछि देख्नेछस्' भन्नुहुन्थ्यो ।" बा झन् पो गम्भीर बन्नुभयो र आँखाभरि आँसु पारी मलाई हेरिरहनुभयो । "किन बा, के भयो ?" बाको अवस्था बुझ्न कारण सोधें । बाले भन्नुभयो "काका यस्तै मिजासको मानिस हुनुहुन्थ्यो रमाइलो, ठट्यौलो र कुन केटाकेटी, कुन बूढाबूढी सबैसँग उस्तै मिजासले भिज्न सक्ने, असाध्य आनन्दी । तर पछि गएर त्यही पैसाको मुखले उहाँलाई धेरै दु:खी बनायो -र त्यस्तै त्यस्तै कुराको पीरले उहाँको असमयमै मृत्यु पनि भयो ।" बाको कुराले मलाई दु:खित तुल्यायो र भनें, "उसो भए साँच्चिकै पैसाको मुख हुँदोरहेछ हगि बा !" "हो बाबु !" बाले भन्नुभयो, "जति हामी पैसामा सुख देख्छ त्यो भन्दा बढी यसले दु:ख दिन्छ । नभए खालि छैन भन्ने पीर । भएमा अनेक थरीका पीरहरूलाई यसले बटुल्छ । तँ अझै यस्ता कुरा बुझ्न केटाकेटी छस् र तँलाई मबाट नै सबै कुरा पुगिरहेछ । तर तैंले पनि पछि गएर यस्ता कुराको अनुभव गर्नेछस्, मेरो शेषपछि ।" समय आएपछि कालले कसैलाई पर्खिंदैन । धेरै औषधी मुलो गरियो । धेरै धामी, झाँक्री लगाइयो । घरका सबैले भगवान्को पुकारा गरे । बिसेक हुने अनेक उपायहरू रच्यौं तर बा खस्नुभयो घरको सारा देखभाल गर्ने म नै भएँ । केही समयसम्म बाको मृत्युको सम्झना रह्यो । अलिअलि गर्दै त्यो सम्झना पनि मेटिँदै गयो र सामाजिक व्यवहारले अरू सबै कुरालाई बिर्सायो । आर्थिक दु:ख थिएन । बाजेबराजुदेखिको सम्पत्ति थियो । यसै सम्पत्तिको आडमा बाको धाक पनि थियो । 'छोराले दु:ख नगरी खान पुग्छ नातिको पालासम्म भन्ने कुरा उहाँ गाउँघरमा सुनाउनुहुन्थ्यो । राम्रै गरी घरव्यवहार धान्न सक्थे । कसैसँग लिनुदिनु थिएन । जाने बेलामा बाले पनि भन्नुभएको थियो, "सबैसँग मित्रता राख्नु छ भने अरू कुराको लिनुदिनु गरे पनि पैसाको लिनुदिनु कसैसँग नगर्नू ।" बाको कुरालाई मानेको पनि थिएँ । आफूले त कसैसँग लिने आवश्यकता नै पर्दैनथ्यो तर अरूहरू भने मलाई सधैं गिजोल्न आइपुग्थे र भन्थे, "सबैको तिम्रो जस्तो भाग्य कहाँ हुन्छ र, सबै कुराले परिपूर्ण । अलिकति पैसाको खाँचो पर्‍यो, केही दिनपछि फिर्ता गर्नेछु ।" एकातिर बाको अर्ति । अर्कोतिर, इष्टमित्रहरूको अनुरोध । म दोधारमा पर्थें । तर समाजमा बसेपछि कसैकसैको दु:खसुख हेर्नु नै पर्थ्यो 'मेरो गोरुको बाह्र टक्का' भनेर बसेर पनि साध्य हुँदैनथ्यो । यसैले कहिले कसैलाई र कहिले कसैलाई केही न केही दिएर नै पठाउँथे । उनीहरू खुशी भएर जान्थे । तर मेरो बानी के थियो भने कसैसँग कहिल्यै पनि आृनो पैसा फिर्ता माग्ने चलन थिएन र आृनो आृनो सुविधामा उनीहरूले ल्याएर पैसा तिर्थे । कुनै बखत यसो पनि हुन्थ्यो सात दिनको लागि भनेर लगेको पैसा सात महीनापछि बल्ल फिर्ता आउँथ्यो वा अझ त्यो पनि आउँदै आउँदैनथ्यो । त्यसमा पनि म कसैसँग नराम्रो मान्दिनथें । सबैसँग राम्रो थियो । सबले मेरो तारिफ गर्थे । अझसम्म पैसाको मुख देख्ने अवस्था आइपरेको थिएन । दिन सधैं एकनासको हुँदैन । कहिले कहीं कुबेरको पनि ढुकुटी रित्तिन्छ भन्छन् । मेरो पनि दु:खका दिनहरू आए । छोराछोरी बढ्दै गए । आम्दानी घट्दै गयो । छोराछोरीलाई पढाऊ, लेखाऊ, बिहेवारी गरिदेऊ यी सब कुराले मलाई पालैपालो घचेट्दै ल्यायो । आफू पनि जति मिहिनत गरेर पहिले कमाउँथे अब उमेरले त्यति मिहिनत गर्न नसकिने भयो । तर पनि मेरो आवश्यकता नपुग नहोला भन्ने मलाई लागेन । सबैलाई उमेरमा खुशी ने तुल्याएको थिएँ र अहिले पनि खुशी नै छन् भन्ने लाग्थ्यो । कहिले कसैसँग कहिले कसैसँग थोरै थोरै मात्र मागे पनि आवश्यकता टन सम्भावना मैले देख्थें । यस्तै अवस्थाले एक दिन म आफ्नो एकजना परम मित्रकहाँ पुगें । मेरो आगमनमा उनी धेरै खुशी भए र धेरै समयदेखिका भलाकुसारीका कुराहरू भए । अन्त्यमा भनें- "मलाई अलिकति पैसाको खाँचो पर्‍यो ।" सीधा तवरले त उनले नामन्जुर गर्न सकेनन् तर उनले दिन नसक्ने अवस्थाको कुरालाई मैले बुझें । कर गरें - "जसरी भए पनि मिलाउनु पर्‍यो ।" "कहिलेसम्म तिर्न सक्छौं ?" उनले आफ्नो पनि यस्तै अवस्थाको गाथा सुनाएर मलाई सोधे । "सकेसम्म चाँडो," मैले भनें । तर उनले एक महीनाको भाकामा दिन मन्जुर गर्दै भने, "त्यतिञ्जेलसम्ममा म मेरो काम जसरी भए पनि मिलाउँला ।" मलाई आवश्यक नै थियो र "जे त पर्ला" भनी उनीबाट पैसा लिएर हिंडें । एक दिन दुई दिन तीन दिन भाकाको म्याद नाघ्यो । मैले मित्रको पैसा तिर्न सकिनँ । एकपछि अर्को परिस्थितिले मलाई बाध्य तुल्यायो । गएर मित्रलाई तिम्रो पैसा तिर्न सकिनँ भन्न अप्ठेरो पर्‍यो । मित्रले पनि मकहाँ आएर माग्न सकेनन् । दुवै जना अप्ठ्यारा स्थितिहरूमा पर्यौं । दुवैजना केही समयसम्म चूप लाग्यौं । स्थिति यस्तो भएर आयो कि मैले मित्रको अगाडि मुखसम्म देखाउन नसक्ने भएँ, धेरै महीना बितिसके, तिर्न सकिनँ । उता मित्र पनि आफ्नो अवस्था टार्न नसकेर अरूअरूसँग पैसा खोज्दै हिंडेका छन् भन्ने सुनें ।

आफूमै सारै लाज लागेर आयो । जब बाटाघाटामा उनीसँग भेट हुन्थ्यो । मेरो मुख रातै हुन्थ्यो र सकेसम्म उनीबाट मुन्टो फर्काइहिंड्थें वा मौका पाए बाटो नै छलेर हिंड्थें उनको घरमा गएर माफी माग्ने शुद्ध आँट ममा आएन । यस अवस्थाको इज्जत बचाउन म अरू अरू ठाउँ पनि पुगें र सबैसँग भीख झैं मागें । ती सबैले भने, "के गर्नु ! हाम्रो पनि यस्तै स्थिति छ ...।" आखिर हाम्रो मित्रता सधैंभरिको लागि छुट्यो । "उनी रिसाएर मसँग बोलेनन्" भन्ने मेरो मनमा लाग्यो । "पैसा तिर्नुपर्ला भनेर मसँग नबोलेका होलान्" भन्ने मित्रको मनमा लाग्यो । यसो हुँदाहुँदै हामी साँच्चीकै आपसमा शत्रुजस्ता भय र पछि हामीमा शत्रु-तर्क भावना उत्पन्न हुन थाल्यो । जसजसलाई मैले आफ्नो बेलामा मदत गरेथें उनीहरूले भने, "पैसाको मुख रातो भनेको यही हो ...।" अझ कसैले सुनाए, "बेलामा पैसाको मुख देखेन र खूब फूर्ति गरेर उडायो । देख्यो अहिलेलाई !" बल्ल पो मैले बुझें, मेरो काकाको भनाइलाई, मेरो बाको भनाइलाई र आज आएर त्यही कुरा म मेरा छोरानातिहरूलाई भनिरहेछु । उनीहरूले पनि आफ्ना छोरानातिहरूलाई भन्नेछन् र एक पुस्ताकाले अर्को पुस्ताकालाई भन्दै भन्दै जानेछन्- पैसाको मुख रातो...पैसाको मुख रातो...!

***-साहित्यपोस्ट डटकम***

# "नयाँ पुस्ताको सोच र चाहनाअनुरूप अघि बढ्नुपर्छ"

**लुम्बिनी,** असोज ३/लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले नयाँ पुस्ताको सोच र चाहनाअनुरूप अघि बढ्नुपर्ने बताएका छन् ।




संविधान दिवसका अवसरमा प्रदेश सरकाले प्रदेश राजधानी राप्ती उपत्यका (देउखुरी) मा आयोजित मूल समारोहमा युवा पुस्ताको चाहनाअनुरूप सरकारका काम थप पारदर्शी, जवाफदेही र जिम्मेवार ढङ्गले अघि बढाइने बताए । मुख्यमन्त्री आचार्यले लोकतान्त्रिक विधि र प्रक्रियामार्फत संविधानको कार्यान्वयन नै सबैको साझा लक्ष्य हुनुपर्ने यही लक्ष्यले मुलुकलाई निकास दिने विश्वस्त व्यक्त गरे । उनले सेवा प्रवाहमा हुने ढिलासुस्ती र फाइल रोकिराख्ने प्रवृत्तिको जरैदेखि अन्त्य गर्नु आजको आवश्यकता भएको बताए । "संविधानले सामाजिक न्याय, समावेशिता, समानता, सहिष्णुता र सद्भावलाई संरक्षण गर्दै समृद्ध र न्यायपूर्ण समाज निर्माण गर्ने सङ्कल्प बोकेको छ । प्रदेश सरकारले संविधान, दिगो विकासका लक्ष्य, अन्तरराष्ट्रिय प्रतिबद्धता तथा दोस्रो आवधिक योजनालाई आधार मान्दै नीतिगत, संरचनात्मक र कानुनी सुधारका कार्यलाई अगाडि बढाइरहेको छ । यसमा सबैको सहयोग आवश्यक छ", मुख्यमन्त्री आचार्य भने । कार्यक्रममा प्रदेशसभाका सभामुख तुलाराम घर्तिमगरले संविधानभित्रैबाट निकास खोजिनुपर्ने बताए । "हाम्रो संविधान अब्बल छ हो । यहीभित्र बसेर युवा पुस्ताको सोचलाई सम्बोधन गर्दै अघि बढ्न सकिन्छ", उनले भने "अहिले देखिएको विद्रोहको व्यवस्थापन पनि संविधानभित्रै गर्नुपर्छ । अब सबैले आत्मसमीक्षा गरेर कार्यशैली बदल्न सक्नुपर्छ । जनता असन्तुष्ट हुनेगरी काम गर्नु हुँदैन ।" पूर्वमुख्यमन्त्री डिल्लीबहादुर चौधरीले संविधानलाई अझ माटो सुहाउनेगरी परिमार्जन गरेर सबैका भावनालाई समेट्न आवश्यक रहेको बताए । पूर्वमुख्यमन्त्री जोखबहादुर महराले सामाजिक परिवर्तनको नेतृत्व वर्तमान संविधानले गर्नुपर्ने बताए । कार्यक्रममा प्रदेशसभाका विषयगत समितिका सभापति, प्रमुख सचेतक, सचेतक तथा सदस्यहरु, प्रदेश सरकार विभिन्न मन्त्रालयका सचिव तथा कर्मचारी, स्काउट विद्यार्थी तथा स्थानीय समुदायको सहभागिता रहेको थियो ।-रासस

# पाल्पामा राजनीतिक...

...नेपाली काँग्रेसका जिल्ला सभापति हिमालदत्त श्रेष्ठले नेपाली काँग्रेसको नेतृत्वमा, जनताका निर्वाचित प्रतिनिधिहरूद्वारा जारी संविधानले संघीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्दै देशलाई स्थायित्व र दिगोपनाको बाटोमा अघि बढाएको बताए । उनले भने "सुशासन, शान्ति, समानता र समृद्ध नेपाल निर्माण गर्ने हाम्रो साझा अभियान संविधानको आत्मामा अडिएको छ । साँच्चिकै, संविधान दिवस हामी सबै नेपालीको साझा उत्सव मात्र होइन, साझा संकल्प हो । संविधान जोगाउनु भनेको लोकतन्त्रलाई जोगाउनु हो, समानतालाई जीवन्त राख्नु हो र भविष्यलाई उज्यालो बनाउनु हो ।" अन्तर्क्रिया कार्यक्रम सभापति श्रेष्ठको अध्यक्षता, उपसभापति ज्ञानबहादुर गाहाको स्वागत, सचिव सुनिता अधिकारीको सञ्चालनमा कार्यक्रम भएको अर्का सचिव सन्तोष थापा मगरले शितलपाटीलाई जानकारी दिए । अन्तर्क्रियापछि काँग्रेस नेता कार्यकर्ताहरुले मौन प्रदर्शन समेत गरेका छन् । उनीहरुले तानसेनस्थित आन्दोलन चोकमा पुगेर मौन प्रदर्शन गरेका हुन् । उनीहरुले "संविधान कार्यान्वयनले मात्रै समृद्ध नेपाल सम्भव छ", "लोकतन्त्रका लागि लड्ने काँग्रेस, संविधानको रक्षक काँग्रेस", "गणतन्त्र संघीयता र समावेशीताको रचना काँग्रेसको बलिदानको उपज", "संविधान निर्माणदेखि कार्यान्वयनसम्म नेपाली काँग्रेसको प्रतिवद्धा" लगायतका प्लेकार्ड लिएर मौन प्रदर्शन गरेका थिए ।

नेकपा एमाले पाल्पाले पनि विभिन्न कार्यक्रम गरी दिवस मनाएको छ । उसले अन्तर्क्रिया कार्यक्रम गरी दिवस मनाएको हो । कार्यक्रममा प्रमुख अतिथि संविधान सभा सदस्य तथा नेकपा एमालेका केन्द्रीय निर्वाचन आयोगका सदस्य नारायणी शर्मा घिमिरे नेपालको संविधान र वर्तमान अवस्थाबारे कार्यपत्र प्रस्तुत गरेकी थिइन् । उनले संविधान प्रगतिशील र अग्रगामी रहेको बताइन् । संविधानले सबैको अधिकारलाई सुनिश्चित गरेको घिमिरेको भनाई छ ।

भ्रष्टाचार र अनियमितता गर्ने जस्ता कार्यलाई निरुत्साहित गर्दै सबै नेपाली राष्ट्र र राष्ट्रियता रक्षार्था जुट्नु पर्ने बेला आएको उनको भनाई छ । जनताको प्रत्यक्ष सहभागितामा बनेको संविधानको रक्षा नै महत्वपूर्ण रहेको उनले बताइन् । अहिलेको अवस्थामा दलको विकल्प नरहेको समेत नेतृ घिमिरेले बताइन् । किशोर र युवाको मनोभावनालाई बुझेर दल र नेताले राजनीति गर्नुपर्ने कार्यक्रममा सहभागीले सुझाव दिएका थिए । जनप्रतिनिधिले जनताको आवाजलाई बेवास्ता गरेका कारण यो समस्या निम्तिएको हो । अहिलेका नेता सच्चिन पर्छ । घरघरमा पुगेर पार्टीले आफ्ना योजना बारे जानकारी गराउनुपर्ने उनीहरूले बताए । संविधान प्रभावकारी कार्यान्वयन गर्न सक्नुपर्छ । उमेर हद कायम गरेर निर्वाचन प्रणाली सुधार हुनुपर्छ । कार्यक्रममा एमाले केन्द्रीय सल्लाहकार परिषद् सदस्य धनेन्द्रराज घिमिरेले सबैभन्दा धेरैको सहभागितामा बनेको संविधान उत्कृष्ट रहेको बताए । संविधान खारेज गरेर होइन संशोधन गरेर जेन्जीको मागलाई सम्बोधन गर्नुपर्ने बताए ।

अर्का सल्लाहकार परिषद् सदस्य पर्शुराम भट्टराईले परिवर्तन हुनु आवश्यक रहेको बताए । युवा पुस्ताका भावनालाई बुझेर राजनीति गर्नुपर्ने उनले बताए । निवर्तमान प्रतिनिधि सभा सदस्य नारायण आचार्यले अनुशासित ढंगले माग राख्नुपर्ने बताए । एमाले पाल्पाका अध्यक्ष ओमबहादुर घर्ती मगरको अध्यक्षता, उपाध्यक्ष विमल काफ्लेलेको स्वागत, सचिव रामजी पोखरेलको सञ्चालनमा कार्यक्रम भएको थियो । कार्यक्रममा करिब २०० जना नेता तथा कार्यकर्ताको सहभागिता रहेको थियो ।


## आनन्द बचत तथा ऋण सहकारी संस्था लि. को साधारण सभा सम्बन्धी सूचना

आनन्द बचत तथा ऋण सहकारी संस्था लि. को यहि मिति २०८२/०६/०४ गते शनिबारका दिन **१५ औं बार्षिक साधारण सभा तथा ५ औं अधिवेशन** हुन गहिरहेको हुँदा सम्पुर्ण शेयर सदस्यज्यूहरुलाई निमन्त्रणा कार्ड पठाई सकिएको छ । कदमकदाचित निमन्त्रणा कार्ड प्राप्त नभएको भए यस सूचनालाई आधार मानी निम्न मिति, समय र स्थानमा उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछौ ।

**मिति :** २०८२ असोज ०४ गते शनिबार ।
**समय :** (बिहान ११ : ३० बजे (कृपया ठिक समयमा पाल्नुहोला)
**स्थान :** (माधव प्रसाद देवकोटा सभाकक्ष, त्रिभुवन बहुमुखी क्याम्पस लहरेपिपल, तानसेन, पाल्पा ।

अनुरोधक
सर्जुलाल बज्राचार्य
अध्यक्ष
श्री आनन्द बचत तथा ऋण सहकारी संस्था लि.
तानसेन-६,पाल्पा
सम्पर्क नं : ०७५-५२१५५३


## खेलकुद समाचार

# टी-२० क्रिकेटमा श्रीलङ्काले अफगानिस्तानलाई हरायो



**काठमाडौं,** असोज ३/एशिया कप टी-२० क्रिकेटमा श्रीलङ्काले अफगानिस्तानलाई ६ विकेटले हराएको छ । जितसँगै श्रीलङ्का सुपर ४ मा पुगेको छ । अफगानिस्तानले दिएको एक सय ७० रनको लक्ष्य श्रीलङ्काले १८ ओभर ४ बलमा ४ विकेट गुमाउँदै पूरा गर्यो । श्रीलङ्काका ओपनर कुशल मेन्डिसले ७४ तथा कामिन्दु मेन्डिस २६ रन जोडे । अफगानिस्तानका नुर अहमद, मोहम्मद नाबी, आजमतुल्लाह ओमरजाई, मुजिबउर रहमानले १/१ विकेट लिए । त्यसअघि युएईको आबुधावीमा टस जितेर पहिला ब्याटिङ गरेको अफगानिस्तानले निर्धारित २० ओभरमा ८ विकेट गुमाउँदै एक सय ६९ रन बनाएको थियो । अफगानिस्तानका मोहम्मद नाबीले ६० रन बनाए । समूह 'बी' मा श्रीलङ्का ३ खेलमा अपराजित रहँदै सुपर ४ मा पुगेको हो । बङ्गलादेश ३ खेलमा २ मा जित र १ मा हारसहित दोश्रो स्थानमा रहेर सुपर ४ मा पुगेको छ । अफगानिस्तान भने ३ खेलमा १ मा जित र २ मा हारसहित तेश्रो स्थानमा रहेर प्रतियोगिताबाट बाहिरिएको छ । समूह ए मा भारत ४ अंकका साथ शीर्ष स्थानमा छ । समूह 'ए' बाट भारत र पाकिस्तान सुपर ४ मा पुगिसकेका छन् । फाइनल खेल सेप्टेम्बर २८ अर्थात असोज १२ गते हुनेछ ।


वर्गिकृत डिस्प्ले

१X५ साइजमा मात्र

वर्गिकृत
डिस्प्लेमा
विज्ञापन
दिनुहोस्
व्यवसाय
बढाउनुहोस्

सम्पर्कः ०७५-५२०६०१


## अर्थ/कर्पोरेट समाचार

# अन्तर्राष्ट्रिय कार्डबाट पनि राजस्व भुक्तानी गर्न सकिने




**पाल्पा,** असोज ३/अन्तर्राष्ट्रिय कार्डबाट पनि राजस्व भुक्तानी गर्न सकिने भएको छ । महालेखा नियन्त्रक कार्यालयले राजस्व व्यवस्थापन सूचना प्रणालीमा अन्तर्राष्ट्रिय भुक्तानी प्रणाली जोडिएको जनाएको छ ।

राजस्व व्यवस्थापन सूचना प्रणालीमा अन्तरराष्ट्रिय भुक्तानी प्रणाली बिहीबारदेखि जोडिएको र सञ्चालनमा आएको प्रवक्ता दीपक लामिछानेले जानकारी दिए । अर्थमन्त्री रामेश्वर खनाल र मुख्यसचिव एकनारायण अर्यालले संयुक्त रूपमा अन्तरआबद्धता सेवा शुभारम्भ गरेको महालेखा नियन्त्रक कार्यालयले जनाएको छ । प्रणालीको अन्तर आबद्धता शुरु भएपछि विदेशमा रहेका सेवाग्राही र नेपाल आउने पर्यटकका लागि राजस्व भुक्तानी प्रक्रियाले सेवा प्रवाह कागजातरहित बनाउन सहयोग पुऱ्याउनेछ । त्यसैगरी, भौतिक उपस्थितिरहित बनाउनुका साथै चौबिसै घण्टा सेवा प्रवाह सुनिश्चित भएको छ । यसबाट द्रूत राजस्व सङ्कलन, पारदर्शी, अन्तरराष्ट्रिय पहुँचयुक्त र सेवाग्राहीमैत्री हुन गई डिजिटल इकोनोमीको प्रवर्द्धनमा टेवा पुग्ने अपेक्षा गरिएको छ । यो भुक्तानी प्रणालीबाट मास्टर कार्ड, भिसा कार्ड, 'अलिपे'लगायतका अन्तर्राष्ट्रिय कार्ड नेटवर्कमा आवद्ध कार्डहरुमार्फत् अध्यागमन विभागद्वारा निर्धारित सेवा प्राप्त हुनेछ ।

यसले त्रिभुवन विमानस्थललगायतबाट प्रवेश गर्ने पर्यटकले सहजरूपमा यो सेवा लिनसमेत सहज हुने जनाइएको छ । यो सेवा अहिलेलाई अध्यागमन विभाग र मातहतका निकायबाट प्रवाह हुने अध्यागमनसम्बन्धी राजस्व भुक्तानीमा शुरुवात भएको छ । आउँदो दिनमा सरकारका अन्य निकायमा पनि क्रमशः सेवा विस्तार गर्दै लैजाने प्रवक्ता लामिछानेले जानकारी दिए ।


मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन
प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।


जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com
डिजिटल पत्रिका



कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई